# ४

# महान् बन्न जन्मेका जोनाथान

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* १ सामूयल १४:६–१३, २४–४६, १ सामूयल १८,१९, १ सामूयल ३१:१–७, २ सामूयल ३१:५–१२, २ राजा ६:८–१७।

*<u>स्मरण गर्नुपर्ने पढ:</u>* "जोनाथानले आफ्नो हतियार बोक्ने युवालाई भनेः "आऊ, खतना नगरिएका ती मानिसहरूका शिविरमा जाऔं। शायद परमेश्वरले हामीलाई सहायता गर्नुहुन्छ होला। यदि हामीलाई उहाँले सहायता गर्नुहुन्छ भने हामी थोरै वा धेरै, त्यस्को पर्वाह हुन्दैन। हामीलाई उद्धार गर्न परमेश्वर हामीहरूको शंख्यामा भर पर्नुहुन्न। (१ सामूयल १४:६ रूपान्तरित)।

जोनाथान एक बिग्रेको, स्वार्थी, अहँकारी, स्वेच्छाचारी र लोभी राजकुमार हुनसक्थ्यो। ऊ अनशासनहिन युवक हुनसक्थ्यो। देशका सबै थोक उसकै हातमा त छ भनेर उनले त्यहि अनुसार चल्न सक्थ्यो। हो, यो उनको अधिकार नै थियो किनकि उनी इस्रायलका प्रथम राजाका जेष्ठ पुत्र थियो।ऊ लोकप्रिय थियो र सबै मानिसहरूले उनलाई माया गर्थे। उसको भाषण सुनेर सबै मुग्ध हुन्थे। ऊ कुशल योद्धा र सेनामा उसको भूमिका अग्रज थियो। सांसारिक हिसाबमा जोनाथान सबै कुरामा सुसम्पन्न थियो। मानौं ऊ महान् बन्न जन्मेका थियो।

तर परमेश्वले मानिसको महानतालाई अर्कै क्षमताको निम्ति प्रयोग गर्नुहुन्छ। जोनाथान असाधारण व्यक्ति थियो, जस्ले संसारले अंगालेको महानतालाई पिठ्युँ फर्काउन सक्थ्यो। तर ऊ अर्कै खालका महानता हुन चाहन्थ्यो, जुन परमेश्वरको इश्छा अनुसारको थियो।

हाम्रो जीवन स्वर्गको तौल अनुसार तौलनुपर्छ भनेर जोनाथानको जीवनकहानीले बताउँछ। कसैको जीवन केले महान बनाउँछ? मानिसको जीवन कसरी उपलव्धिमूलक हुन्छ? कुन चाहिँ बस्तुहरू यस संसारमा महत्वपूर्ण छन्, कुनचाहिँ महत्वपूर्ण छैन?

जोनाथानको जीवनकहानीले केहि हदसम्म माथिका प्रश्नका जवाफहरू हामीले पाउँछौं। यदि हामीले रोज्यौं भने हामी जो कोहि पनि परमेश्वरको आँखामा महान् बन्न सक्छौं। हाम्रो जन्मस्थल, हाम्रो वंश, सम्पत्ती र क्षमतासंग सरोकार छैन।

## १. मित्रताको निम्ति उच्च आह्वान (१ सामूयल १८:१)

मित्रताको सम्वन्ध प्रायजसो अरू सम्वन्ध भन्दा फरक हुन्छन्। धेरै सम्वन्धहरू कानूनी रूपमा वाध्यात्मक हुन्छन्। धेरै जसो संस्कारहरूमा आमाबाबुहरूले नै आफ्ना छोराछोरीहरूको विवाहको निम्ति प्रबन्ध मिलाउँछन्। तर आमाबाबु, दाजुभाई, दिदिबहिनी नाताकुतुम्बहरूलाई हामीले रोज्न सक्दैनौ।

तर कस्तो खालको साथी हामी चाहन्छौ, त्यो हामी चुन्न सक्छौं। मित्रताको सिमाना हुँदैन। हाम्रो मित्रताले अरूको सम्वन्धमा प्रभाव पार्न सक्छ। मित्रताले वैवाहिक सम्वन्ध गाँसिन सक्छ भनेर श्रेष्ठ गीत ५:१६ले बताउँछ।

सच्चा मित्र चुन्न हामी स्वतन्त्र छौं। एकै मन भएको वा आत्मिय मित्रहरू एकदम नजिक हुन्छन्। यसको निम्ति कुनै कानूनको आवश्यकता पर्दैन। बरू सच्चा मित्रले अर्को मित्रको भलाइ खोज्दछ।

दाउद र जोनाथानको बिचमा कस्तो घनिष्ठ मित्रता थियो भनेर १ सामूयल १८:१ ले बताउँछ। यसले भन्छः "जोनाथान र दाउद घनिष्ठ साथी भए। जोनाथानको दाउदप्रति यस्तो स्नेह थियो कि उसले दाउदलाई आफुलाई जस्तै माया गर्थ्यो। (रूपान्तरित)। देहायका पदहरूमा मित्रतामा हुनुपर्ने गुणहरू उल्लेख गरिएका छन्, हेर्नुहोस्ः प्रस्थान ३३:११, अयूब १६:२०, २१, हितोपदेश १७:१७, २७:९, उपदेशक ४:१०, यूहन्ना १५:१३-१५।

कतिपय आमाले आफ्नो बालकको निम्ति ज्यान दिएको बा बाबुले परिवारको सुरक्षाको निम्ति आफ्नो जीवनलाई खतरामा पारेको सुन्दा अचम्म नलाग्न सक्छ। ती घनिष्ठ सम्वन्धमा रहेको स्नेह र ममता अवश्य प्रशंसनिय छन्। त्यसले परमेश्वरको प्रेमलाई प्रतिविम्व गर्दछन्। तर यथार्थमा भन्ने हो भने ती ममता र स्नेह मानिसमा मात्र

होइन, जन्तु जनावरहरूमा पनि भएको हामी पाउँछौं। यस्तो गुणलाई अन्तःप्रेरणा वा अंग्रेजीमा instinct (इन्स्टिटङ्क्ट्) भनिन्छ। यो सबै जन्तु जनावरहरूमा पाउन गुण हो।

मित्रता भनेको अन्तःप्रेरणा भन्दा वढि गुणिलो गुण हुन्। सत्य मित्रताको निम्ति पारस्परिक तथा असल सम्वादको आवश्यक पर्छ। साथी भनेको केवल रमाइलो गर्ने बेलामा मात्र होइन तर जीवनको सबै चुनौतीहरूमा साथ दिनको निम्ति हुन्छ। बुध्दिमत सरसल्लाह, प्रोत्साहन र प्रार्थना आदिद्वारा हामीले साथीलाई प्रभाव पार्न सक्छौं। जोनाथानले ती गुणहरू दाउदलाई देखाएका थिए। घनिष्ठ वा सच्चा मित्रता भनेको केवल कुरा वा ओठे सेवामात्र होइन भनेर जोनाथानले देखाएको १ सामूयल २८मा पाउँछौं। आफ्नो जीवन खतरामा परेपनि असल साथीले आफ्नो साथीको हितको निम्ति प्रयास जारी राख्दछ। जोनाथानले प्रायजसो आफ्ना रिसाहा बाबु राजा सावल र दाउदको बिचमा सहजकर्ताको रूपमा काम गरेको थियो (१ सामूयल १९:४)। जब दाउद राजा सावलबाट भुमिगत हुनु परेको थियो, त्यसबेला समय निकालेर जोनाथानले दाउदलाई गोप्य रूपमा भेट्न गएका थिए। परमेश्वरमा भरोसा राख्न ढाडस दिएका थिए १ सामूयल २३:१६)।

के तपाईंलाई कुनै साथीले धोका दिएका छन्? के तपाईंले नै कुनै साथीलाई धोका दिनुभएको छ? यसबाट तपाईंले के पाठ सिक्नुभएको छ? असल साथी हुन तपाईंमा के परिवर्तन हुनुपर्दछ?

## २. महान बिजय (२ राजा ६:८-१७)

अत्यन्त खतरापूर्ण घडीमा इस्रायल गुज्रिरहेको हुन्छ। इस्रायलको बिरूद्ध लड्न सम्पूर्ण फिलिस्तिनहरू एकत्रित भएका थिए। उनीहरूसँग कहिलै पनि नदेखेका अनगिन्ती रथ र सैनिकहरू थिए। उनीहरूको दाँजोमा इस्रायलीहरू थोरै थिए। इस्रायलीहरूसँग लड्न हतियारहरू पनि प्रसस्त थिएन। राजा सावल र राजकुमार जोनाथानसँग मात्र फलामे तरवार र भाला थिए। फलामको काम गर्ने सबै कालिगडहरू फिलिस्तिनहरूका अधिनमा थिए। सबै फलामका औजारहरू फिलिस्तिनी कालिगडहरूले बनाउँथ्ये वा धार लगाउँथ्ये (१ सामूयल १३:१९-

२२)। त्यसबेलाका फिलिस्तिनीहरूका अत्याधुनिक हतियारहरूको सामु घुयँत्रो, वञ्चरो र  लहुरो केवल कमजोर हतियारहरू थिए। उनीहरूसँग लड्न नसकिने देखेर धेरै इस्रायली सैनिकहरू भागाभाग भएका थिए।

हाम्रो जीवन संघर्षमय जीवन हो। यदि हामीले हाम्रो जीवनलाई परमेश्वरमा समर्पण गरियो भने शक्तिसंतुलनमा के फरक हुन्थ्यो होला, सोच्नुहोस्। २ राजा ६:८-१७ पढ्नुहोस्। यस वृतान्तले हाम्रो जीवनमा कस्तो आशा पल्हाउन सकिन्छ होला?

अरूले के भन्छ होला भन्ने कुरामा जोनाथानले चिन्ता लिएको पाउँदैनौं। इस्रायलमा भएको परमेश्वरमाथिको अविश्वास र भरोसामा कमीको गुनासो जोनाथानले गर्दैन। तर उसले तमासा हेरेर बस्न पनि चाहेको थिएन। उसले केहि न केहि गर्ने निर्णय गर्न निधो गर्यो। उसले बहादुरी गरेर नाम कमाउन चाहेको थिएन। तर इस्रायलले सामना गर्नु परेको समस्या भन्दा परमेश्वर महान् छन् भन्ने कुरामा उनी विश्वस्त थिए। आफु इस्रायलको उद्धारक वा स्वतन्त्र सेनानी भएको जोनाथानले दावी गरेको पाउँदैनौं। कुन उपाय अपनाएर मानिसलाई मुक्ति दिइन्छ, त्यो उपाय परमेश्वरकै हातमा हुन्छ भनेर जोनाथानलाई थाहा थियो। परमेश्वरबाट आफुलाई प्रयोग गर्न जोनाथानले आफूलाई उहाँमा समर्पण गर्दछन्। अनि परमेश्वरले जोनाथान र उनको हतियार बोक्ने व्यक्तिलाई प्रयोग गर्नुहुन्छ। त्यसको फलस्वरूप विश्वासै गर्न नसकिने विजय उनीहरूले हासिल गर्दछन्।

बैरीको शिविरमा भएको थुम्कोमा चढ्नु अघि जोनाथानले कुन कदमहरू पहिले चाल्दछ? हेर्नुहोस्: १ सामूयल १४:६-१३।

कहिलेकाहिँ विश्वास र स्वविवेकले चाल्ने साहसिलो कदमको बिचमा धर्को तान्न त्यत्ति सजिलो भएको हामी पाउँदैनौं। जोनाथान आफ्नो सोच र भावनामा भर पर्दैन। जोनाथानले अर्को परमेश्वरको भक्तसँग सरसल्लाह माग्छ। जोनाथानले आफ्नो योजना र तर्क त्यस व्यक्ति सामु राखदछ। परमेश्वर असिमित हुनहुन्छ भन्ने कुरामा उसलाई ज्ञान थियो। त्यसकारण उसले परमेश्वरलाई नचाउन खोज्दैन। परमेश्वरलाई उनले अनुरोध गरेको शंकेतको प्रतिक्षामा उनी रहेको

थियो। जब अन्तमा त्यस संकेट प्राप्त हुन्छ तब निर्भयपूर्वक चुनोतीको सामना गर्न ऊ अग्रसर हुन्छ।

तपाईंको जीवनमा के कुराहरूमा संघर्ष गरिहनुभएको छ? उक्त संघर्षहरूमा परमेश्वरमाथि भरोसा पर्न तपाईं कसरी सिक्नुहुन्छ? प्रार्थना वा अपेक्षा गरेको अनुसार काम नभएपनि तपाईंले उहाँमाथिको अटल विश्वासलाई कसरी जगाइ राखीरहने?

## ३. आमाबाबु र छोराछोरीहरू बिचको सम्वन्ध (१ सामूयल १९:१–७)

१ सामूयल १९:१–७ पढ्नुहोस्। यी पदहरू अनुसार, आफ्नो पिता राजा साउल र जोनाथानको बिचमा भएको सम्वन्धलाई तपाईंले कसरी वर्णन गर्नुहुन्छ? यहाँ पिता र मित्र दाउदको बिचको निष्ठा बाँझेको पाइएको छ। यो चुनौतीलाई तपाँईले के भन्नुहुन्छ?

जब जोनाथान सानै थियो उसका बाबु साउल उनको निम्ति कस्ता थिए भन्ने कुरामा हामीलाई जानकारी छैन। तर पछिल्लो जीवन अनुसार साउल उदाहरणिय बाबु थिएन भनेर जनाउँछ। उनी एकदम स्वार्थी, ईर्षालु, तुरन्त रिसाउने, शङ्कालु र ऊसँग कुरा गर्न डराउनुपर्ने खालको मिजास भएको व्यक्ति थियो। तैपनि जोनाथानको जीवन र आफ्ना बाबुको समन्धमा आमाबाबुको आदर गर्नु भनेको पाँचौ आज्ञाप्रति ऊ बफादार भएको प्रमाण पाइन्छ।(प्रस्थान २०:१२)।

आफ्नो झोंकी बाबुलाई आदर नगर्ने प्रसस्त बहाना जोनाथानलाई भएको थियो। हेर्नुहोस्, १ सामूयल १४:२४–४६। रिसको झोंकमा कतिपय छोराछोरीहरूले आमाबाबुलाई छोडेको हामी पाउँछौ। माथी उल्लेखित पदहरूले
जोनाथानको चरित्रको बारेमा हामीलाई के भन्छ?

आमाबाबुलाई आदर गर्नु भनेको केवल विभिन्न अवसरमा उनीहरूलाई सम्मान गर्नुमात्र होइन। आफ्ना बाबुको संघर्षमा जोनाथानले साथ दिएको पाउँछौ। आफूलाई हानी गर्न बाबु अग्रसर भएपनि जोनाथानले उनलाई साथ दिन पछि हटेको थिएन।

कठिन समयमा हामीले बाबुआमाको साथ दिन सक्यौं भने हामीले उनीहरूलाई सम्मान गरेको ठहर्छ। काम गुमाउनु पर्दा वा

बिमार पर्दा छोराछोरीहरूको सहानुभूति वा सहायताको आवश्यक पर्छ। आमाबाबुलाई साथ दिनुपर्छ भनेर बाइबलको स्पष्ट निर्देशन छ (१ तिमोथी ५:६)। आमाबाबुको आदर केवल मुखले मात्र होइन कामद्वारा पनि देखाउनु पर्छ। उनीहरूको आबश्यकतामा हामी संवेदनशील हुनुपर्छ। असल र आदरणीय सरसल्लाह दिएर आफ्ना आमाबाबुलाई साथ दिएको थियो भनेर जोनाथानको कृयाकलापले देखाउँछन्। आमाबाबुलाई आदर गर्ने भन्दैमा उनीहरूको काममा चासो नराख्ने होइन, न त उनीहरूले गरेको नराम्रो कामको पक्षमा साथ दिनु। यसको अर्थ दुष्टतालाई पछ्याउनु पनि होइन। यदि उनीहरूको काम अनुचित छ भने आमाबाबु भन्दैमा तिनीहरूको कामलाई स्विकार गर्नु उचित हुँदैन। तर उनीहरू जस्तोसुकै भएतापनि उनीहरूलाई सहयोग गर्नु प्रत्येक छोराछोरीको पवित्र धर्म हो।

तपाईंका परिवारका सदस्यहरू जीवित परमेश्वरमाथि विश्वास नगर्ने होलान्। तिनीहरूमा तपाईंका आमाबाबु, दाज्युभाई दिदी बहिनी वा अन्य सदस्यहरू होलान्। तिनीहरूसँगको सम्वधमा अझ बढि स्नेह बढाउन जोनाथानको अनुकरणीय उदाहरणबाट तपाईंले के गर्न सक्नुहुन्छ?

## ४. दोश्रो स्थान ओगट्नु (१ सामूयल २३:१७)

आफ्नो जीवनमा झेल्नुपरेका विभिन्न समस्याहरूको निम्ति प्राय जसो सबैले आफ्ना आमाबाबुहरूलाई दोष लगाउँछन्। आमाबाबुहरूले गर्दा तिनीहरूले धेरै मानसिक तथा भौतिक समस्याहरू भोग्नुपरेको कुरालाई हामीले अश्विकार गर्दैनौं।

तर प्रायजसो कतिपय मानिसहरूले आफ्ना आमाबाबु, दाजुभाई, दिदीबहिनी, गुरु र परिस्थितिहरूलाई दोषी ठहराउँदै पुर्पुरोमा हात हाल्दै निराशाको बाटो अपनाएको हामी पाउँछौं। कतिपय समयमा यो आफुले नै ल्याएका समस्याहरूका जिम्मेवारबाट पन्छिन बहाना बनेको हामी पाउँछौं।

हो, हामीहरूमा कतिपयचाहिँ हाम्रो नियन्त्रण भन्दा बाहिरका परिस्थितिहरूले गर्दा तिनीहरूका शिकार पनि नभएको होइन। तर,

प्रतिकूल परिस्थितिलाई सामना गर्दै अघि बढ्न सक्छौं भन्ने जोनाथानको जीवनीले हामीलाई देखाउँदछ। जोनाथानले भोगेका कठिन समस्याहरूको निम्ति आफ्नो बाबुलाई दोष दिन प्रसस्त स्थानहरू थिए। यदि राजा सावल परमेश्वरको विश्वासमा अडिग भएको भए जोनाथान राजा हुने निश्चिय नै थियो। तर जोनाथानले दोष दिने खेलको चक्रव्युहमा आफूलाई पार्न चाहेन। समाजमा आफ्नो मोल, मान्यता वा इज्जत कत्तिको छ भन्ने कुरामा जोनाथानले नबुझेको होइन। तर मेरो जीवन तितो सत्य हो भन्दै विषाक्तको मनस्थिति उनले बोकेनन्, बरू परमेश्वरमा भरोसा राखेर उहाँले जे गर्नुहुन्छ उनकै उत्तम हितको निम्ति हो भनेर ढुक्क भयो। आफुसँग जे छ त्यसलाई नै के गर्ने भन्ने कुरामा उसले निर्णय गरेको थियो। उसको सट्टामा परमेश्वरले दाउदलाई राजा चुन्नु भएको थियो भन्ने कुरो थाहा पाउँदा पाउँदै परमेश्वरमा विश्वास र भरोसा राख्नु उसको निम्ति त्यत्ति सजिलो त भएन होला।

१ सामूयल २३:१७ले जोनाथानको कस्तो चरित्र देखाउँछ? आफ्नो सट्टामा दाउद राजा हुने थाहापाएपछि उनको मन कस्तो थियो? जोनाथानको मनोबृत्ति र यस संसारमा आफ्नो महत्वकाँक्षालाई प्रभुत्व बनाउन चाहने मानिसका मनोबृत्तिमा के अन्तर छ भनेर देहायका पदहरूले देखाउँदछ तँ। हेर्नुहोस्ः यशैया १४:१३,१४, १ राजा १:५ र मर्कूस १०:३५-३७। अरूको मोलमा आफ्नो भाउ बसाल्ने र आफ्नो भाउ भन्दा अरूको भाउलाई उक्कास्ने मानिसहरूको मनस्थिति कस्तो हुन्छ देख्नुभएको छ? वा अनुभव गर्नुभएको छ?

जब हामी परमेश्वरको मातहतमा छौं भनेर हृदयदेखि स्विकार्‍यौं भने, हाम्रो खिलाफमा अरूले गरेको आलोचनाको सामना गर्न सक्षम् हुन्छौं। यदि हामीले परमेश्वरको महान् प्रेमलाई आत्मसात् गर्न सक्यौं भने अरूले हामीलाई पाखामा राखे पनि हामी ईष गर्दैनौं, न त हाम्रो चाहनामा कसैले धक्का दिंदा हामी व्याकुल हुन्छौं। हाम्रो व्यक्तिगत मूल्य-मान्यतालाई उच्चस्तरमा राख्न परमेश्वरमाथिको विश्वासले नै सहयोग गर्दछ। यदि परमेश्वरसँग हाम्रो व्यक्तिगत अनुभव र सम्वन्ध

अगाढ छ भने हाम्रो जीवनको प्रत्येक पल पल उहाँमा सुम्पन्न हामी राजी हुन्छौं। जब फिलिस्तिहरूसँग सामना गर्नुपर्दा विजय प्राप्त गरे (१ सामूयल १४), त्यसबेला उनको व्यक्तिगत अनुभव परमेश्वरमा कस्तो बलियो थियो भनेर प्रदर्शन गरेको थियो।

जब पछि दाउद राजा भए तब जोनाथानको चरित्र विपरित उसका सन्तानहरूमा विद्रोहको भावनाले जग बसालेको थियो। दाउदको परिवारको बिचमा झगडै झगडाका काँडाहरूले दाउदलाई घोचेका थिए। दाउदका दुबै छोरा आदोनिजा र आबसोलमले जवरजस्ति बाबुको गद्दी खोस्न तँछाडमछाड गरेका थिए। परमेश्वरले नै नयाँ राजा चुनोस् भनेर उहाँको हातमा सुम्पन्न उनीहरू राजी भएका थिएनन्। यस्तो अहँताको भावनाले देश, समाज र परिवारलाई तहस नहस गर्ने व्यक्तित्वहरूको सामु जोनाथान उज्यालो ज्योति बनेर चम्किएको पाउँछौं। अरूलाई उकासेर आफू तल झर्न जोनाथान तयार भएको थियो। आफ्नो बाबु र मीत दाउदको बिचमा शान्ति ल्याउन अथक प्रयास गरेको थियो (१ सामूयल १९:४)। अगुवा हुनु भनेको अरूको सेवक हुनु हो, र अरूको हितको निम्ति आफू दोश्रो वा तेश्रो दर्जामा उत्रनु पनि कसरी राजी हुनुपर्दछ भन्ने कुरा जोनाथानको अनुकरणीय उदाहरणले हामीलाई बताउँदछ।

तपाईको योग्यता वा अपेक्षा अनुसार पद, काम र सम्मान पाएन भने जोनाथानको उदाहरणलाई हेरेर तपाईं पनि कस्तो हुनुपर्दछ? डाहा, ईष, घृणा, पाखा लगाईदिएकोमा क्रोध र कसैले पनि मेरो उचित मुल्याङ्कन गरेन भनेर व्याकुल हुने भावनाहरूलाई तपाईंले कसरी नियन्त्रणमा राख्ने?

## ५. जब जीवन अन्यायको भूमरीमा फस्छ (१ सामूयल ३१:१-७)

१ सामूयल ३१:१-७ र २ सामूयल १:५-१२ पढ्नुहोस्। जोनाथानको अन्त्य कसरी भयो? उनको मृत्युलाई हामीले कसरी बुझ्ने?

अन्तमा सत्यको विजय हुन्छ भनेर प्रायजसो हामी सबैले सिकेको कुरो हो। यो मनस्थितिलाई हामीले बोक्दा असल मानिसहरूको जीवन असल र लामो आयु हुन्छ र खराब मानिसहरूको जीवन छोटो र

कष्टदायी हुन्छ भनेर कहिलेकाहिँ हामी विश्वास गर्दछौं। हामीलाई यो थाहा छ, येशूको पुनःआगमनमा दुष्टमाथि असलको बिजय हुन्छ। तर यो भविष्यमा हुने कुरो हो। असल मानिसको सधैं भलो हुन्छ र खराब मानिसले सधैं खराब हुन्छ भन्ने कटुत सत्यता अहिलेको यथार्थ जीवनमा भोगीरहनुपर्ने कुरामा कसैको दुईमत छैन। (यसबाट भागेर कुनै कुटी वा जङ्गलको गुफामा जान पनि बाइबलले उक्साउँदैन)। कहिलेकाहिँ असल र उचित काम गर्दा पनि हामी सजायँ भोगेका हुन्छौं। कतिपय अवस्थामा परमेश्वरले अचम्म तरिकाले सिधा हस्तक्षेप गरेर आफ्ना प्रिय जनहरूलाई बचाउनुभएको र सुरक्षा गर्नुभएको हामी पाउँछौं। तर यो सधैं भएको हामी पाउँदैनौं।

बाइबलमा यस्ता केहि पात्रहरू छन् जो परमेश्वरमा बिश्वास भरोसा राखेतापनि उनीहरूको सुहाउँदो फल पाएका थिएनन्। हेर्नुहोस् उदाहरणमाः उत्पत्ति ३९:१०-२० र अयूब १ र २।

जोनाथान, दाउदको बफादारी र सत्य मित्र थियो। दाउद र आफ्ना रिसाहा राजा बाबु सावलको बिचमा सहजकर्ताको भूमिका खेलेर शान्ति ल्याउन भरमग्दुर प्रयास गरेको थियो। ऊ अहँकारी थिएन। आफू राजा हुने हक अरूलाई छोड्न तयार भएको थियो। आफू राजा हुन चाहेतापनि दाउदलाई नै राजा बनाउने पक्षमा ऊ पुगेको थिए। ऊ राजा सावलको सुपुत्र पनि थियो।

सारा सैनिकको नेतृत्व गर्न परमेश्वरले जोनाथानलाई परिचालन गर्नुभएको थियो। अब फेरि इस्रायलीहरू फिलिस्टिनीहरूसँग सामना गर्नुपरेको थियो। इस्रायलको उद्धार गर्न परमेश्वरले अर्को आश्चर्य काम गर्नुहुन्छ भन्ने कुरो शायद जोनाथानले सोचेको होलान्। तर युद्ध मैदानमा त्यसदिन शत्रुको बाणले जोनाथानको मृत्यु हुन्छ (१ सामूयल ३१:२)।

बप्तिस्मा दिने युहन्ना जस्तै, आफू सुहाउँदो सम्मान र फल नपाउने पात्रहरूमा जोनाथान पनि एउटा उदाहरण भएको पाउँछौं। तिनीहरूले प्रायजसो दुःख कष्ट सतावट पाउँछन्, येशूको निम्ति आफूले पाएका सम्मान पनि कतिपयले गुमाउँछन्, र कतिपयले त परमेश्वरको

कामको शीलशिलामा ज्यान पनि गुमाउँछन्। झट्ट हेर्दा बर्तमान अवस्थामा मानिसहरूको अगाडि तिनीहरूको त्याग तपस्याको उचित मुल्याङ्कन नभएको पाउँछौं र साथै तिनीहरू महत्वपूर्ण व्यक्तिहरूमा नगनिएका पनि हुन्छन्। तर याद गर्नुहोस्, तिनीहरू, परमेश्वरको योजनाका प्रमूख पात्रहरू हुन्। प्रभु येशूको उपस्थिति र प्रेमले तिनीहरू अभिप्रेरित भएका हुन्छन् र उहाँले नै उनीहरूलाई सम्हाल्नुहुन्छ भन्ने कुरोमा ढुक्क भएर आफ्नो जीवन उहाँमा नै होमेका हुन्छन्। तिनीहरू महान् बन्न जन्मेका हुन्। तर तिनीहरूको त्यो महानता ससारले बुझेको क्षणिक सम्मान जस्ता होइनन्। उनीहरूका महानता हाम्रो मानवियताले बुझेका र मानव समाजले चाहेका महत्वाकाङ्क्षा भन्दा उच्चकोटीका छन्।

बर्तमान सेरोफेरोमा कतिपय कुरो हुन्छन् जो अन्याय र बेमतलब भएको हामी पाउँछौं। तर एकदिन सबै कुरो ठिक हुन्छ भन्ने प्रतिज्ञा परमेश्वरले हामीलाई दिनुभएको छ। र अहिले निरर्थक भएको सबै कुरा खुला रूपमा परमेश्वरले हामीलाई बुझाइदिनुहुनेछ।

१ कोरन्थी ४:५, १ कोरन्थी १३:१२, रोमी ८:२८ र प्रकाश २१:४ पढ्नुहोस्। ती पदहरूबाट तपाईंले कस्तो आश्वासन पाउनुभएको छ? कतिपय समयमा दुःख कष्ट, संघर्ष र झमेलाहरूमा पर्दा पनि सधैं सुखद तथा उचित अन्त्य यस संसारमा हुन्दैन भनेर ती पदहरूले तपाईंलाई अझ राम्रो गरि बुझाउँछन्?

**उपसंहारः**

थप जानकारीः "प्रभु येशूको महान् कष्टमा बिनम्रपूर्वक सहभागी हुने पात्रहरूमा दुई जना पात्रहरूलाई बाइबलले औंल्याएका छन्। ती हुन्ः पुरानो करारमा जोनाथान र नयाँ करारमा बप्तिस्मा दिने यूहन्ना।

"राजा सावलेको छोरो भएको हैशियतले जोनाथानलाई राजाको गद्दी आरोहण गर्ने उकोको पूरा अधिकार थियो। तर भविष्यको राजा दाउद हुन् भनेर परमेश्वरले चुन्नुभएको कुरोलाई उसले आत्मसात् गरेकको थिको। यस्तो अवस्थामा पनि ऊ दाउदको कर्मठ र अत्यन्त प्रेमिलो मित्र भएर बस्यो। दाउदका धेरै यस्ता मित्रहरू थिए तर अरू

जस्तै जोनाथानको भूमिका पनि अत्यन्त उल्लेखनिय भएको हामी पाउँछौं। आफ्नै जीवनलाई पनि जोखिममा पारेर उसले दाउदको जीवनको सुरक्षा गरेको थियो। आफ्नो बाबुले झेल्नु परेका शक्ति पतनको अन्धकार समयमा उनीसँग कर्तव्यनिष्ठ भएर बसे र अन्तमा बाबुसँगै युद्धमा आफ्नो प्राणको आहुति दिए। त्यसैले गर्दा उसको नाउँ स्वर्गको अमूल्य खजानामा कुँधिएको छ। र यस संसारमा निश्वार्थी प्रेमको शक्ति कस्तो हुन्छ भन्ने अनुकरणीय ज्वलन्त उदाहरणको रूपमा धरोहर भएर जोनाथान खडा भएको हामी पाउँछौं।

"जब मसिहको सन्देशबाहक बप्तिस्मा दिने यूहन्ना देखा परे, उनको बारेमा इस्रायल देशमा सनसनी फैलाएको थियो। यूहन्नाको कदम कदममा अनेक किसिमका भिँडहरू पछि लागेका हुन्थ्ये। जब येशू आउनुभयो, उनको अगाडि सबै कुरो बदलियो। यूहन्नाको पछि लागेका भिँडहरू येशूको पछि लागे। यूहन्नाको कामको अन्त्य भएको जस्तै देखिएको थियो। तर यूहन्नाले आफ्नो विश्वास छोडेनन्। 'उहाँ अर्थात् येशू बढ्नुपर्छ, म घट्नुपर्छ।' भनेर खुलेआम यूहन्नाले घोषणा गरे। यूहन्ना ३:३०।"-एलेन जी. ह्वाइट, एडुकेशन, पृष्ठ १४५, १५७बाट रूपान्तरित।

**चिन्तनमनन:**

१. अनुमान र विश्वासलाई कसरी छुट्याउने? परमेश्वरको इच्छा हामीमा के रहेछ भनेर कुन शङ्केतद्वारा थाहा पाउने?
२. कुनै कुनै समाजमा अग्रसर नहुनु असल चरित्र हो भनेर मान्दछन् भने कुनै समाजमा यो नकारात्मक गुण हो भन्ने ठान्दछन्। जोनाथान दोश्रो दर्जामा झर्न राजी भएका थिए। यसको अर्थ के उनी निष्क्रिय वा उदासिन भएको हो? के इसाईहरू इसाईहरू अन्यायमा चुपचाप भएर बस्ने त? यदि बस्ने भए, कहिले? व नबस्ने भए किन?
३. इसाई भएतापनि बिमार हुन्छ, काम गुमाउँछन्, प्रिय जनको मृत्यु सहनुपर्छ भन्ने कुराहरूलाई गैर-इसाई साथीलाई कसरी सम्झाउने?

४. हिब्रू ११:३२-४०को आधारमा जोनाथानको बारेमा चर्चापरिचर्चा गर्नुहोस्। दुःखद अन्त भएको परिस्थितिमा ती पदहरूले तपाईंलाई कस्तो आश्वासन दिन्छन्?

५. यौन शोषणको मारमा परेका छोरीले आफ्ना बाबुलाई कसरी आदर गर्ने? कुट्ने पिट्ने आमाबाबुको बारेमा तपाईं के भन्नुहुन्छ? यस्ता आमाबाबुहरूलाई आदर गर्ने निर्देशनलाई कसरी मान्ने?

६. यस्ता के कुरोहरू छन् जसलाई संसारमा मानिसहरूले महान् भनेर सम्मान गर्छन् तर परमेश्वरले त्यसलाई गन्नुहुन्न? ससारबाट तिरस्कृत भएतापनि परमेश्वरले महान् ठान्नु हुने के यस्ता कुरा वा गुणहरू छन्? समाजले मान्ने महान् र परमेश्वरले मान्ने महानको अन्तरलाई कसरी छुट्याउने?